लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल लिमिटेड
GPO Box - 05, Tansen - 7, Prabhas, Palpa Nepal
+977 075-411201, 411202
+977 98570 01001 (Hunting)
LMCpalpa@gmail.com | info@LMC.edu.np

२१ वर्षदेखि हजुरकै हस्पिटल... (२०६२ - २०८३)

मितिः २०८३/५/१३

# विज्ञप्ति

**रसुवा बाढीबाट प्रभावित तथा घाइतेहरूको निःशुल्क उपचार तथा सहयोग सम्बन्धमा ।**

मिति २०८३ भाद्र १० गते भिषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत नदी तटीय क्षेत्रमा भएको ठूलो जनधनको क्षतिप्रति **लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल लिमिटेड (LMC)** गहिरो दुःख एवं मानवीय समवेदना व्यक्त गर्दछ । यस विपत्तिमा ज्यान गुमाउनुहुने सम्पूर्ण प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । साथै घाइते तथा प्रभावित सबै नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौ ।

**LMC** ले प्राकृतिक विपत्ति, महामारी तथा अन्य आपतकालीन परिस्थितिमा मानवीय सेवाको भावनाका साथ स्वास्थ्य उपचार तथा आवश्यक सहयोग प्रदान गर्दै आएको सर्वविदितै छ । विपद्को समयमा नागरिकको जीवनरक्षा र स्वास्थ्य उपचारमा सहयोग गर्नु हाम्रो सामाजिक तथा मानवीय दायित्व हो ।

हाल रसुवा बाढीबाट प्रभावित तथा घाइते नागरिकहरूको उपचारमा देखिएको गम्भीर अवस्थालाई मध्यनजर गर्दै LMC द्वारा बाढीबाट प्रभावित तथा घाइते नागरिकलाई आवश्यक स्वास्थ्य परीक्षण, उपचार तथा आकस्मिक स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै उक्त माहामारीमा दिवंगत हुनुभएका नागरिकहरुको शव पहिचान नभएको अवस्थामा **नेपाल सरकारद्धारा बाढीपीडितहरुको शव पहिचान (DVI) प्रक्रिया मार्फत कार्य गरि पहिचान नभएका शवहरुको व्यवस्थापन गर्ने निर्णय अनुसार बिशेषज्ञको आवश्यक सहयोगको लागि LMC बाट फरेन्सिक विभागका प्रा. डा. आलोक आत्रेय चितवनको भरतपुर अस्पताल र गैडाकोट नगरअस्पतालमा गई प्याथोलोजिष्ट र डेन्टल सर्जन लगाएतका बहुविषयक फरेन्सीक टोलिहरु संग निरन्तर रुपमा कार्य गरिरहनु भएको छ । बाढीका कारण मृत्यु भएका शवहरु पहिचानका लागि नेपाल प्रहरीद्धारा ल्याई यस LMC को शव गृहमा सुरक्षित रुपमा राखिएको समेत जानकारी गराउदछौ ।**

यस विषम परिस्थितिमा घाइते तथा प्रभावित नागरिकलाई उपचारका लागि **LMC मा** आवश्यक समन्वय गरी सेवा लिन सकिनेछ । उपचारका क्रममा आइपर्ने विशेषज्ञ सेवा, आकस्मिक उपचार तथा अन्य स्वास्थ्य सेवामा समेत अस्पतालले सहयोग गर्नेछ । **LMC,** नेपाल राष्ट्रको यस घडीमा नेपाल सरकार, स्वास्थ्य तथा सुरक्षा निकाय, स्थानीय तह, विभिन्न संघसंस्था तथा सम्पूर्ण नागरिकसँग आवश्यक समन्वय, सहकार्य र मानवीय सेवामा एकताबद्ध भएर अघि बढ्न प्रतिबद्ध रहेको जानकारी गराउँदछौं । विपदमा परेका नागरिकको जीवनरक्षा र स्वास्थ्य उपचारमा हाम्रो साथ सदैव रहनेछ ।

**धन्यवाद ।**
**लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल लिमिटेड**
**तानसेन-७, प्रभास, पाल्पा**

Lumbini Medical College & Teaching Hospital Ltd. Tansen-7, Palpa, Nepal